**देवचुली नगरपालिका**
**नगर कार्यपालिका कार्यालय**
**प्रगतिनगर, नवलपरासी (ब.सु.पू)**

**नवलपरासी (ब.सु.पू) जिल्ला देवचुली नगरपालिका अन्तर्गत भएर बग्ने देउसत/ बौलाहा खोलाको सिताबास खण्ड र लक्ष्मीपूर खण्ड ( वडा नं १३, ३,५,१२) क्षेत्रबाट दिगो तथा वातावरणमैत्री रुपले नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् तथा संकलन गर्ने कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षणका लागि सार्वजनिक सुनुवाइ सम्बन्धी अत्यन्त जरूरी प्रतिवेदन तयारी सूचना ।**

**प्रकाशित मितिः २०७९/०१/०७**

गण्डकी प्रदेश, नवलपरासी (ब.सु.पू.) जिल्ला देवचुली नगरपालिका द्धारा निम्न बमोजिमको प्रस्ताव वातावरण संरक्षण नियमावली २०७७ को नियम ७ (२) अनुसार कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | देवचुली नगर कार्यपालिका कार्यालय, प्रगतिनगर नवलपरासी (ब.सु.पू.)<br>फोन नः ०७८-५७५३९६, ०७८-५७५४७६, ०७८-५७५०१०, ०७८-५७५८७६<br>ईमेलःdevchulimunicipality@gmail.com |
| प्रस्तावको व्यहोरा | नवलपरासी (ब.सु.पू.) जिल्ला देवचुली नगरपालिका अन्तर्गत भएर बग्ने देउसत/ बौलाहा खोलाको सिताबास खण्ड र लक्ष्मीपूर खण्ड ( वडा नं १३, ३,५,१२) क्षेत्रबाट दिगो तथा वातावरणमैत्री रुपले नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् तथा संकलन गर्ने कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा. | देवचुली नगरपालिका वडा नं ३, ५, ७, १२, १३ |

माथी उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको वडाहरू तथा त्यस क्षेत्रका विद्यालय, सामुदायिक वन, खानेपानी संस्था, टोल विकास समिति, क्लब, समुह तथा सरोकारवाला व्यक्रि वा संस्थाको रोहवरमा सार्वजनिक सुनुवाइ गरी राय सुझाव लिन आवश्यक देखिएकोले यो सुचना प्रकाशन गरिएको छ।

**सार्वजनिक सुनुवाइ हुने मिति समय र स्थान**

मितिः २०७९/०१/०९, शुक्रबार
समयः बिहान ८ बजे
स्थानः वडा नं १२ को कार्यालय परिसर, देवचुली-१२

प्रमुख प्रशासकीय अधिकृत
गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत